कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १३ मितिः २०७५/१०/०५

**भाग-१**

**कालिका गाउँपालिका**

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७५

प्रस्तावनाः

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ( संशोधन सहित) को दफा २५ , ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४ र नेपालको संविधान २०७२ को धारा ४१ अनुसार यस 'ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७५' जारी गरिएको छ।

परिच्छेद १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्याविधि नाम ' ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७५' रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) संविधान भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ।

(ख)ऐन भन्नाले ज्येष्ठ नागरिक सम्बन्धि ऐन,२०६३ (केही नेपाल संशोधन गर्ने ऐन,२०७२ ले गरेको संशोधन समेत ) सम्झनु पर्दछ।

(ग) 'नियमावली' ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५लाई सम्झनु पर्दछ।

(घ) 'स्थानीय तह ' भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ।

(ङ) 'वडा कार्यालय ' भन्नाले स्थानीय तहको वडा कार्यालय सम्झनु पर्दछ।

परिच्छेद - २

उद्देश्य, आधार

३. उद्देश्य :

१. यस कार्यविधि को उद्देश्य देहाय बमोजिम रहेका छन् :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

२. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ (संशोधन सहित )को दफा २५ र ज्येष्ठनागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६.परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८.परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी न.पा. / गा.पा.को कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी

गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९.विविध :**

क) सबै स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकार भित्र रहेका विकट तथा दुरगम गाउँहरुमा रहेका ज्येष्ठ नागरिकहरुका लागि ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सेवा सरल तरिकाले उपलब्ध गराउन कम्तिमा बर्ष को एक पटक ती टाउँहरुमा परिचय पत्र वितरण सम्बन्धि घुम्ति शिविर सञ्चालन गर्नु पर्दछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची १

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय-पत्र

फोटो

प.प. नं :-
नाम थरः ............................................
ना.प्र.न.: ..........
ठेगानाः जिल्ला ........................गा.पा./न.पा.: ..............
वडा नं.: ............ टोल/गाऊँ: .........
उमेरः ........... लिङ्गः ...........
उपलब्ध छुट तथा सुविधाहरु : ...................................
पति/पत्नीको नाम : .........................................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ...........................................................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :
.........................................................................................................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम
.......................................................................................................................
प्रमाणित गर्ने अधिकृतको :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :
फोटो

**प्रमाणीकरण मितिः** २०७५/०९/२७ **स्वीकृत मितिः** २०७५/०९/२२

आज्ञाले,

शर्मिला न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत